**तामाकोशी गाउँपालिका**

**गाउँकार्यपालिकाको कार्यालय**

**जफे, दोलखा**

**प्रदेश नं. ३, नेपाल**

# सवारी साधन खरिद गर्ने सम्वन्धी वोलपत्र आव्हानको सूचना

**(प्रथम पटक प्रकाशन मिति :- २०७५/०८/०४ गते)**

१) यस गाउँपालिकालाई आवश्यक पर्ने तपसिलको सवारी साधन आपुर्ति गर्न इच्छुक नेपालका लागि आधिकारिक विकेताहरुले देहाय वमोजिमको शर्तहरुको अधिनमा रहि रितपुर्वकको वोलपत्र पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ।

२) बोलपत्र पेश गर्दा यो सूचना प्रकाशित भएको मितिले तोकिएको मिति तथा समय भित्र फर्म/कम्पनी दर्ताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी, नेपालका लागि आधिकारिक विकेताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपी, मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपी, आ.व. २०७४/०७५ को कर चुक्ता गरेको प्रमाण पत्रको प्रमाणित प्रतिलिपी र बोलपत्र दस्तुर (रकम फिर्ता नहुने गरी) वापतको रकम कार्यालयमा नै दाखिला गरी नगदी रसिद वा यस कार्यालयको नाममा नेपाल वैंक लिमिटेड, चरीकोट, दोलखामा रहेको संञ्चित कोष खाता नं. १३००३००००००००४००१०१३ मा जम्मा गरी सो को भौचर संलग्न गरी पेश गर्नुपर्ने छ।

३) खरिद गरिएका वोलपत्र फारामहरुको महलहरु स्पष्ट रुपमा भरि प्रत्येक पानामा सहिछाप गरी प्रथम पटक सूचना प्रकाशित भएको मितिले तोकिएको मिति तथा समय भित्र दर्ता गराउन सकिनेछ।

४) वोलपत्र फाराम साथ बोलपत्र जमानत रकम यस कार्यालयको नाममा नेपाल वैंक लिमिटेड, चरीकोट, दोलखामा रहेको खाता न १३००३००००००००३००००१२ मा जम्मा गरि सो को भौचर (for bid security purposes) वा मान्यता प्राप्त क वर्गको वैंकवाट यस कार्यालयको नाममा जारी गरिएको वोलपत्र खोल्ने मितिबाट १२० दिन म्याद भएको बोलपत्र जमानी पत्र (विडवण्ड) वोलपत्र फाराम साथ पेश गर्नुपर्ने छ।

५) दर्ता हुन आएका वोलपत्रहरु यस कार्यालयमा वोलपत्रदाताहरु वा निजको प्रतिनिधिहरुको रोहवरमा खोलिने छ। निजहरुको अनुपस्थितिमा पनि वोलपत्र खोल्न वाधा पर्नेछैन। बोलपत्र खरिद गर्ने वा दाखिला गर्ने दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु विदा पछिको कार्यालय खुलेको दिन सोहि समयमा हुनेछ।

६) प्राप्त वोलपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहने छ। रित नपुगेका र म्याद नाघि आएका वोलपत्र उपर कुनै कारवाही गरिने छैन। वोलपत्र सम्वन्धी अन्य शर्तहरु वोलपत्र फाराममा उल्लेख भए वमोजिम हुनेछन्।

७) सवारी साधन बोलपत्र फाराम साथ उपलब्ध गराइएको स्पेसिफिकेसन अनुसार हुनुपर्ने छ।

८) यस सम्बन्धि अन्य व्यवस्था सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार हुनेछ। अन्य कुरा बुझ्नु परेमा यस कार्यालयको वेभसाइट www.tamakoshimun.gov.np तथा कार्यलयमा सम्पर्क गर्न सकिनेछ।

| ठेक्का नं. | विवरण | आवश्यक संख्या | बोलपत्र जमानत रकम | बोलपत्र फाराम दस्तुर रु. | बोलपत्र जमानत मान्य अवधि | वोलपत्र फाराम खरिद अवधि | वोलपत्र फाराम दाखिला अवधि | वोलपत्र खोल्ने मिति र समय |
|---|---|---|---|---|---|---|---|---|
| TRM/NCB/ GOODS/ 2075-076/03 | Four Wheel Drive, Hard Top Jeep | थान १ (एक) | रु.१,६५,०००/- (अक्षरेपि एक लाख पैंसठ्ठी हजार रुपैयाँ मात्र) | ३,०००/- | बोलपत्र खोलिने मितिबाट १२० दिनसम्म म्याद रहेको | २०७५।०९।०३ | २०७५।०९।०४ दिनको १२ वजेभित्र | २०७५।०९।०४ दिनको २ वजे |

**प्रमुख प्रशासकीय अधिकृत**

Scanned by CamScanner